# स्थानीय राजपत्र

खण्ड ६ संख्या ५ मिति :२०७९/०८/२५

## भाग-२

## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपलिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७४

गाउँ कार्यपालिकावाट जारी मितिः२०७४/१२/२६

गाउँ कार्यपालिकावाट पहिलो संशोधन मितिः २०७७/०४/२४

गाउँ कार्यपालिकाबाट दोस्रो संसोधन मिति २०७९/०८/२५

## गोलन्जोर गाउँपलिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७४

गाउँ कार्यपालिकाबाट दोस्रो संसोधन मिति २०७९/०८/२५

गाउँ कार्यपालिकावाट पहिलो संशोधन मितिः २०७७/०४/२४

गाउँ कार्यपालिकावाट जारी मितिः२०७४/१२/२६

कार्यविधि २०७४ को पहिलो संशोधन २०७४ मा तपशील बमोजिम संशोधन गरि लागु गर्ने निर्णय गरियो ।

**दफा १ को संक्षिप्त** नाम र प्रारम्भ को (क) मा भएको कार्यविधिको नाममा संशोधन गरी "गोलन्जोर गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७४" शब्दहरु राख्ने "।

**दफा ३ (२)** प्राविधिक भनिएको शब्द हटाई सो दफामा (ज) थप गरी "प्रशासन सेवासँग सम्बन्धित कार्यालय सहयोगी, माली, सवारी चालक, कम्प्युटर अपरेटर, लगाएतका पदहरु" शब्दहरु थप गर्ने ।

**दफा ४ को उपदफा १ मा १ (क)** थप गरी यो संशोधन कार्यान्वयन भएपछि को पहिलो विज्ञापनबाट पदपूर्तिको लागि ७ दिनको सूचना प्रकाशन गरी पदपूर्ति गर्न यस दफाको व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

**दफा ४ मा छनौट** सम्बन्धि भएको साविक व्यवस्थाको अतिरिक्त उक्त दफामा उपदफा ५ थप गरी "यस दफामा अन्यत्र जुनसुकै व्यवस्था भए पनि कर्मचारी अभावमा गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कुनै कार्यालयबाट हुने सेवा प्रवाहमा गम्भिर अशर परेको गाउँ कार्यपालिकाले ठम्याएमा एक पटकको लागि २०७९ असार मसान्त सम्म गाउँ कार्यपालिकाको कार्यालय वा मातहत कुनै कार्यालयमा निरन्तर सेवा गरेका कर्मचारीहरु मध्येबाट मात्र प्रतिस्पर्धा गर्न पाउँने गरी आवेदन माग गरी द्रुत मार्गबाट कर्मचारी व्यवस्थापन गर्न यो दफाले वाधा पुर्याएको मानिने छैन" भन्ने शव्दहरु उपदफा ६ थप गरी "उपदफा ५ बमोजिम कर्मचारी व्यस्थापन गर्दा कुल १०० पुर्णाङ्कलाई तपशिल बमोजिम विभाजन गरी अन्तर्वार्तामा प्राप्त अङ्कका आधारमा मात्र न्युनतम ४० अङ्क पाउने मध्येबाट योग्यताक्रमका आधारमा छनौट समितिले नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ" र उपदफा ७ थप गरी "कानुन विषयमा स्नातक व्यक्तिबाट कानुनी सेवा लिनुपर्ने पदमा पदपूर्तिको लागि सेवा प्रवेशको उमेरहद लागू हुने छैन" भन्ने शव्दहरु थप गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| गाउँ कार्यपालिका वा मातहतका कार्यालयमा काम गरेवापत प्रति वर्ष १० अङ्कका दरले बढीमा ४० अंक | ४० |
| माथिल्ला शैक्षिक योग्यता वापत एमुष्ठ १० अंक | १० |
| यस गाउँपालिकाभित्र स्थायी ठेगाना भएको २० अंक | २० |
| सम्वन्धित पदका लागी आवश्यक विषय वस्तुको ज्ञान २० अङ्क | २० |
| व्यक्तित्व तथा प्रस्तुततिकरण शिप १० अङ्क | १० |
| **कुल १००** | **१००** |

आज्ञाले

ठाकुर प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत